# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

पदपूर्ति विभाग

मिति: २०७९।०६।०५

प.सं.: २०७९/८० च.नं.:

**विद्युतीय माध्यम (Online Application)मार्फत खुला तथा बढुवाको आवेदन गर्ने सम्बन्धी**

## सूचना

नेपाल विद्युत प्राधिकरणमा रिक्त रहेका स्थायी पदहरु खुला प्रतियोगिता र बढुवा प्रक्रिया (जेष्ठता र कार्यसम्पादन मूल्यांकन, कार्यक्षमता मूल्यांकन एवं आन्तरिक प्रतियोगिता) द्वारा पदपूर्ति गर्नका लागि मिति २०७९/०५/३१ गतेको गोरखापत्र र नेपाल विद्युत प्राधिकरणको Website: www.nea.org.np मा सूचना प्रकाशित भएको छ। उक्त सूचना अनुसार खुला प्रतियोगिता तथा बढुवा प्रक्रिया दुवै तर्फ विद्युतीय माध्यमबाट मात्र आवेदन (Online Application) गर्न सकिने व्यवस्था गरिएको छ।

आवेदन गर्न पाउने समयावधिको शुरुमा न्यून आवेदन र दरखास्त दिने अन्तिम समयतिर अत्यधिक आवेदन पर्ने गरेको कारण Online Application System मा कुनै प्राबिधिक समस्या भएमा आवेदन गर्न कठिनाई हुन सक्ने अवस्थालाई मनन गरि यथाशिघ्र आवेदन गर्न सम्बन्धित सबैलाई प्रोत्साहन गरिन्छ।

सार्वजनिक विदाको समयमा आवश्यक कागजातहरु तयार गर्न नसकिने र दरखास्त दिन पाउने समयावधी भित्र बडादशैंको बिदा समेत परेको हुँदा उमेदवारहरुले कार्यालय खुलेको दिनहरुमा समयमा नै आवश्यक कागजातहरु तयार गर्नुहुन र पदपूर्ति सम्बन्धी सूचनामा तोकिएको अवधिभर चौविसै घण्टा एवं सार्वजनिक विदाको दिनमा समेत बिद्युतीय माध्यम (Online Application) मार्फत दरखास्त दिन र दरखास्त दस्तुर बुझाउन सकिने व्यवस्था भएकोले दरखास्त दिने अन्तिम समयमा सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि समयावधी थप नहुने हुँदा तोकिएको अवधिभित्र नै दरखास्त पेश गर्नु हुन अनरोध छ।

प्राधिकरणको Website: www.nea.org.np मा रहेको Online Application मार्फत आवेदन गर्दा कुनै प्राविधिक समस्या आईपरेमा निम्न Website मार्फत सोझै खुला तथा बढुवाका लागि आवेदन गर्न सकिने ब्यहोरा समेत सम्वद्ध सबैमा अनुरोध गरिन्छ।

**खुला प्रतियोगिताका लागिः** neaopen.rigoerp.com/

**बढुवाका लागिः** neapromotion.rigoerp.com /

०६।०५

(बेलप्रसाद शर्मा)

निर्देशक